चिचिला गाउँपालिकाद्वारा प्रकाशित

स्थानीय राजपत्र

खण्डः ६ सङ्ख्याः ५ मितिः २०७९/०९/१५

भाग - २

# चिचिला गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालयको

# कृषि बजार तथा कृषि उपज संकलन केन्द्र संचालन व्यवस्थापन कार्यविधि, २०७९

**प्रस्तावनाः** चिचिला गाउँपालिकाको समृद्ध चिचिला सुखी चिचिलाबासी नारालाई साकार बनाउन चिचिलावासी कृषकहरुको कृषि उत्पादन तथा बजारीकरणलाई प्रवर्द्धन गर्नका लागि वान्छनीय भएकोले चिचिला गाउँकार्यपालिकाले यो कार्यविधि तर्जुमा तयार गरी लागु गरेको छ ।

परिच्छेद-१

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम "कृषि बजार तथा कृषि उपज संकलन केन्द्र संचालन व्यवस्थापन कार्यविधि, २०७९" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा;-

**क.** "संयोजक" भन्नाले गाउँ कार्यपालिकाको आर्थिक विकास संयोजक सम्झनुपर्छ ।

**ख.** "वडाध्यक्ष" भन्नाले गाउँ कार्यपालिकाको भित्रको वडाको वडाध्यक्ष सम्झनुपर्छ ।

**ग.** "कार्यपालिका सदस्य" भन्नाल चिचिला गाउँपालिकाको कार्यपालिकाको सदस्य सम्झनुपर्छ ।

**घ.** "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले चिचिलाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

**ङ.** "गाउँपालिका" भन्नाले चिचिला गाउँपालिका सम्झनु पर्छ ।

**च.** "बिषयगत शाखा" भन्नाले चिचिला गाउँपालिकाको कार्यपालिका अन्तरगतको बिषयगत शाखालाई सम्झनुपर्छ ।

**छ.** "मत्स्यपोखरी गा.वि.स." भन्नाले साविकको मत्स्यपोखरी गाउँ विकास समिति भन्ने सम्झनु पर्दछ ।

**ज.** "दिदिङ गा.वि.स." भन्नाले साविकको दिदिङ गाउँ विकास समिति भन्ने सम्झनु पर्दछ ।

**झ.** "कृषि व्यवसायी" भन्नाले गाउँपालिकाभित्रका सूचीकृत फर्म/व्यक्ति कृषकलाई सम्झनुपर्छ ।

## परिच्छेद-२

## कृषि बजार तथा कृषि उपज संकलन केन्द्रको गठन, दर्ता, काम कर्तव्य र अधिकार

३. बजार व्यवस्थापन समितिको गठनः

**क.** लागि सम्वन्धि बजार समेटीने वडाबासीको सात सदस्यीय बजार व्यवस्थापन समिति गठन गर्नु पर्नेछ ।

**ख.** बजार व्यवस्थापन समितिको गठन गर्दा स्थानीय कृषक व्यवसायी/आमा समूह/ सहकारी संस्था/ उद्योग वाणिज्य संघमा आवद्ध समूहहरुलाई प्राथमिकता दिनु पर्नेछ । साथै, पालिकाको  अनिवार्य सहभागित गराउँनु पर्नेछ ।

४. <u>बजार व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः</u>

**क.** सामान्य मूल्य निर्धारण सम्वन्धमा सिदान्त स्थापित गर्ने ।

**ख.** बजार सरसफाइ व्यवस्थापन सम्वन्धमा निर्णय गरी कार्यन्वयन गर्ने ।

**ग.** स्थानीय उत्पादन बढाउन तथा विक्री वितरण प्रवर्द्धन गर्ने ।

**घ.** वजार सन्चान सम्वन्ध हुने अनियमितता लगायतका कार्य हुन नदिने ।

**ङ.** ढुवानीमा अनुदान उपलब्ध गराउनु कृषक वा संस्थालाई सिफारिस गर्ने ।

**च.** बजार सन्चालन तथा व्यवस्थापन सम्वन्धि गाउँपालिका सँग आवश्यक छलफल एवम् निर्णय गरी कार्यन्वयन गर्ने ।

**छ.** बजारमा मदिरा लगायत निषेधित बस्तु विक्री वितरण गर्न नदिने ।

५. <u>बजार व्यवस्थापन तथा अनुगमन सम्बन्धि ब्यवस्थाः</u>

१. गाउँपालिकामा एक बजार अनुगमन समिति गठनः-

| | | |
|---|---|---|
| **क.** | आर्थिक विकास समितिका संयोजक | संयोजक |
| **ख.** | संवन्धित वडाका अध्यक्ष २ जना | सदस्य |
| **ग.** | कार्यपालिका सदस्य १ जना | सदस्य |
| **घ.** | कृषि व्यवशायी २ जना | सदस्य |
| **ङ.** | कृषि शाखा प्रमुख | सदस्य सचिव |

२. दफा (१) बमोजिमको समितिले आमन्त्रित बोलाउन सक्नेछ ।

३. ढुवानीमा अनुदान उपलववब्ध गराउदा स्थानीयलाई पहिलो प्राथमिकता दिने र स्थानीय सहभागी नभएमा स्थानीय उत्पादन नाश हुने बिग्रिने अवस्था भएमा बाहिरको विक्रेतालाई अनुदान उपलब्ध गराउन सक्नेछ ।

## परिच्छेद-३

## बजार लाग्ने स्थान, समय र ढुवानी सम्बन्धी व्यवस्था

६. बजार लाग्ने स्थान र समय सम्वन्धी व्यवस्थाः

१. गाउँपालिकामा उत्पादन भएका कृषि उपजको सहज विक्री वितरण प्रवर्द्धनका लागि गाउँपालिकाको साविकको मत्स्यपोखरी र दिदिङ गा.वि.समा एक/ एक वटा बजार केन्द्र सन्चालनमा ल्याइने छ ।

२. पालिकास्तरीय कृषि बजार तथा कृषि उपज संकलन केन्द्र चिचिला गाउँपालिकाको चिचिला बजारमा सन्चालनमा ल्याइने छ ।

३. दफा (१) क्षेत्रमा पर्ने सम्वन्धित वडाहरुले बैठक वसी आपसी सहमतीमा बजार केन्द्र तोक्नका लागि कार्यपालिका समक्ष सिफारिस गर्नु पर्ने छ ।

४. दफा (३) बमोजिम सम्वन्धित वडाहरुले गरेको सिफारिस बमोजिमको बजार केन्द्रलाई कार्यपालिकाले अनुमोदन गर्ने छ ।

**५.** दफा (१) र (४) बमोजिमको बजार केन्द्रमा प्रत्येक महिनाको पहिलो सोमबार र तेस्रो सोमबार कृषि बजार तथा कृषि उपज संकलन सन्चालनमा ल्याइने छ ।

**६.** दफा (५) मा तोकिए बमोजिमको दिनको भोलि पल्ट प्रत्येक महिनाको पहिलो मंगलबार र प्रत्येक महिनाको तेस्रो मंगलबार दफा (२) बमोजिमको चिचिला बजारमा कृषि बजार तथा कृषि उपज संकलन कार्य सन्चालनमा ल्याइने छ ।

७. <u>ढुवानीमा अनुदान सम्वधी व्यवस्थाः</u>

**क.** बजारमा संकलन भएका स्थानीय उत्पादनहरु बजार पहुँचसम्म पुर्याउन गाउँपालिकाले ढुवानीमा अनुदान उपालब्ध गराउन सक्नेछ ।

**ख.** गाउँपालिकाले उपलब्ध गराउने ढुवानीमा अनुदान न्यूनतम १०० केजी कृषि उत्पादनमा मात्र प्रति केजी चिचिला बजार देखि खाँदवारी बजार सम्म प्रति केजी रु.४ का दरले र दिदिङ बजार र मत्स्यपोखरी बजारबाट खाँदवारी सम्म प्रति केजी रु.५ का दरले अनुदान उपलब्ध गराइने छ ।

**ग.** दफा (क) बमोजिम ढुवानी गर्ने कृषक, कृषि समूह, कृषि सहकारी संस्था कृषि शाखा सूचीकृत हुनु पर्ने छ ।

**घ.** दफा (ग) बमोजिम सूचीकृत व्यक्ति वा संस्थाले (ख) बमोजिम कृषि उत्पादन वा अन्य स्थानीय उत्पादन ढुवानी गरेको अवस्थामा गाउँपालिकाबाट अनुदान प्राप्त गर्नका लागि

शाखाको अनुगमन प्रतिवेदन र बजार व्यवस्थापन समितिको सिफारिस पेश गर्नु पर्ने छ ।

**ङ.** अलैची बाहेको स्थानीय उत्पादनमा मात्र ढुवानी अनुदान उपलब्ध गराइनेछ ।

प्रमाणिकरण मितिः २०७९।०९।१५

अज्ञाले,<br>
शुक्रादेवी राई<br>
प्रमुख प्रशासकीय अधिकृत